नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

## डिजिटल नेपाल कार्यशाला सम्पन्न सम्बन्धी प्रेस विज्ञप्ति

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा भाद्र ४, २०७५ देखि Frost and Sullivan को सहकार्यमा आयोजित डिजिटल नेपाल फ्रेमवर्कमा परामर्श तथा अन्तरक्रिया कार्यक्रम शुरु भई आज मिति २०७५ भाद्र ८ मा सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा सूचना प्रविधिको पहुँच (Connectivity), कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, उर्जा, शहरी पुर्वाधार र वित्त (Finance) गरी आठवटा विभिन्न क्षेत्रहरुमा क्षेत्रगतरुपमा कार्यशाला संचालन भएको थियो ।

छलफल कार्यक्रमको शुभारम्भ गर्दै शुरु गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री महेन्द्र मान गुरुङ्गले शिक्षा, स्वास्थ्य, वित्त, कृषि, पर्यटन, शहरी विकास, Connectivity र उर्जा जस्ता आठ वटै क्षेत्रहरुमा सूचना प्रविधिको प्रयोग महत्वपूर्ण हुने र यी क्षेत्रहरुको सेवालाई प्रभावकारी रुपमा आम जनतासम्म पुर्याउन सूचना प्रविधिको भूमिका अत्यन्त महत्वपूर्ण हुने विचार व्यक्त गर्नुभयो। उहाँले, सबै निकायहरुवाट अहिलेपनि सूचना प्रविधिको क्षेत्रमा धेरै काम भैरहेको र त्यसलाई अझ व्यापक र विस्तार गर्नुको साथै तल्लो तहसम्मको जनतालाई सुलभ ढंगले सेवा पुर्याई देश विकासमा भूमिका खेल्नु सरोकारवाला सबैको दायित्व हुनुपर्ने र त्यसको लागि संचार तथा सूचना प्रविधि मन्त्रालय सहजिकरणको लागि सधैं तयार रहेको प्रतिवद्धता समेत व्यक्त गर्नुभयो।

सो छलफल कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सञ्चार तथा सूचना प्रविधि, स्वास्थ्य तथा जनसंख्या, ऊर्जा, जलस्रोत तथा सिँचाई, शिक्षा, विज्ञान तथा प्रविधि, उद्योग, वाणिज्य तथा आपूर्ति, भौतिक पूर्वाधार तथा यातायात, अर्थ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, कृषि तथा पशुपंक्षी विकास, खानेपानी, सहरी विकास, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र सो अन्तर्गतका विभाग, प्रतिष्ठान, विकास समिति, लगायतका संस्थाहरुको प्रतिनिधित्व थियो। त्यसैगरी, Ncell, NTC, नेपाल प्रहरी, रेडियो नेपाल, CAN महासंघ, FNCCI, त्रि.वि.वि., NDRI, NT, WHO, AMDA Nepal, GIZ, Banker's Association of Nepal, RAC Ltd., N-Cloud, Smart Pani, Komal Technology, TAAN, Open University, IOM, BPKIHS, Nepal Medical Council आदि जस्ता गैर सरकारी तथा निजि क्षेत्रका संस्थाहरुको सहभागिता रहेको थियो।

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

कार्यक्रममा Frost and Sullivan का बिज्ञ श्री जतिन बात्राद्वारा सबै क्षेत्रमा क्षेत्रगत रुपमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुको साथै ती कार्यपत्रहरुमाथि विस्तृत छलफल भयो। सबै क्षेत्रहरुमा, सहभागीहरुलाई व्यक्तिगत तथा विभिन्न समूह गठन गरी समूहगत रुपमा समेत प्रश्नावली भराई पृष्ठपोषण लिनुको साथै संस्थागत पृष्ठपोषणको लागि छुट्टै प्रश्नावली तयार गरी पृष्ठपोषण पछि संकलन गर्नेगरी वितरण समेत गरिएको थियो। प्राप्त पृष्ठपोषणको आधारमा दुई महिनाभित्र डिजिटल नेपालको विस्तृत कार्ययोजना तयार गरिने लक्ष्य मन्त्रालयले राखेको छ ।

रामचन्द्र ढकाल
सह-सचिव

मितिः २०७५ भाद्र ८ गते